# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८०।०८।१०

## प्रेस विज्ञप्ति

क्रिकेट टुर्नामेण्टको प्रत्यक्ष प्रसारण सकाएर फर्किरहेको एन्यूज टि.भिको सवारी साधनमा पर्साको प्रसौनीमा एक समुहले तोडफोड गरी क्षति पुऱ्याएको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

महासंघ पर्सा शाखाका अनुसार असोज ९ गते शनिबार जगरनाथपुर गाउँपालिकामा आयोजना भएको दोस्रो अध्यक्षकप क्रिकेट टुर्नामेण्टको प्रत्यक्ष प्रसारण सकाएर फर्किरहेको अवस्थामा एन्यूजकर्मी राजेन्द्र सिंहसहितको टोली सवार एन्युज टि.भिको ना१च ८१८२ नम्बरको सवारी साधनमा उक्त खेलमा हार व्यहोरेका समुह र वडा नं. ६ का स्थानीयले तोडफोड गरी क्षति पुऱ्याएका थिए ।

कुनै पनि बहानामा सञ्चारकर्मी र सञ्चारमाध्यमको सवारी साधनमा आक्रमण गर्नु र क्षति पुऱ्याउनु निन्दनीय र प्रेसविरोधी हर्कत हुन् । महासंघ प्रेसविरोधी यस्ता हर्कतमा संलग्नको तत्काल पहिचान गरी कानुनी दायरामा ल्याउन र सवारी साधनमा भएको क्षतिको क्षतिपूर्ति दिलाउन सम्बन्धित निकायसँग माग गर्दछ ।

रोसन पुरी
महासचिव